मिति २०८१ पौष २४ गते बिहिबार विहान ८:०० बजे बसेको राक्सिराङ्ग गाउँ कार्यपालिकाको आ.ब.२०८१/०८२ को आठौं बैठकबाट भएको निर्णयहरुको संक्षिप्त व्यहोरा निम्नानुसार छन् :

निर्णय नं. १:

गत बैठकहरुबाट भए गरेका निर्णयहरुको समीक्षा गरी कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई यथाशीघ्र कार्यान्वयन गर्ने ।

निर्णय नं. २:

चालु आर्थिक बर्षको लागि गाउँपालिकाले हालसम्म गरेका निर्णय तथा कृयाकलापहरुको अर्धवार्षिक समिक्षा सम्बन्धमा छलफल गरियो । साथै यस बर्षको अर्धवार्षिक समिक्षा सम्बन्धी प्रस्ताव छलफल गरी स्वीकृतिको लागि मिति २०८१/०९/२४ गते बस्ने राक्सिराङ्ग गाउँसभाको सत्रौं (हिउँदे) अधिवेशनको प्रथम बैठकमा उपाध्यक्ष श्री बनस्तम थिङले चालु आर्थिक बर्षको अर्धवार्षिक समिक्षा गाउँसभाबाट अनुमोदन गर्ने सम्बन्धी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

निर्णय नं. ३:

गाउँपालिकाको न्यायिक समितिको मिति २०८० माघदेखि हालसम्मको गतिविधि तथा सबै वडाहरुमा गठन गरिएको मेलमिलापकर्ताहरुको नाम सम्बन्धमा न्यायिक समिति संयोजक एवम गाउँपालिका उपाध्यक्ष श्री बनस्तम थिङ्ग ज्युले पेश गर्नुभएको प्रतिवेदनमाथि छलफल गरि स्वीकृत गरीयो । गाउँपालिका अध्यक्ष श्री राजकुमार मल्लले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५३(२) बमोजिम न्यायिक समितिको बार्षिक प्रतिवेदन मिति २०८१/०९/२४ गते बस्ने राक्सिराङ्ग गाउँसभाको सत्रौं (हिउँदे) अधिवेशनको प्रथम बैठकमा छलफलका लागि न्यायिक समितिको प्रतिवेदन तथा मेलमिलापकर्ताहरुको नाम अनुमोदन गर्ने सम्बन्धी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

निर्णय नं. ४:

राक्सिराङ्ग गाउँसभाको सोह्रौं अधिवेशनबाट पारित चालु आर्थिक बर्ष २०८१/०८२ को नीति, कार्यक्रम तथा बजेटमाथि गाउँकार्यपालिकाको विभिन्न बैठकबाट भएको रकमान्तर, शीर्षक संशोधन तथा योजना थप सम्बन्धी निर्णयहरु अनुमोदन गर्ने तथा अन्य थप संशोधनहरु गर्ने सम्बन्धमा कार्यपालिका अन्तर्गतका विषयगत समितिहरुबाट प्राप्त रायको आधारमा समेत चालु आर्थिक बर्ष २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रम संशोधन गर्ने सम्बन्धी प्रस्ताव गाउँपालिका उपाध्यक्ष श्री बनस्तम थिङ्गले गाउँसभासमक्ष पेस गर्नुहुने ।

निर्णय नं. ५:

विनियोजन ऐन २०८१ माथिको संशोधन सम्बन्धी विधेयक, २०८१ गाउँसभामा पेश गर्ने ।

निर्णय नं. ६:

राक्सिराङ्ग गाउँ पालिकाकाको गत आब २०८०/०८१ को स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कनको प्रारम्भिक नतिजा उपर कार्यापालिका अन्तर्गतको सुशासन तथा संस्थागत विकास समितिबाट प्राप्त राय समेतको आधारमा पुनरावलोकन गरी अन्तिम नतिजाको रुपमा गाउँपालिकाबाट स्वीकृत गर्ने । स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ दफा ४ उपदफा १ बमोजिम उक्त प्रतिवेदन गाउँसभामा छलफल गरी स्वीकृति गर्नको लागी मिति २०८१/०९/२४ गतेको राक्सिराङ्ग गाउँसभाको सत्रौं (हिउँदे) अधिवेशनको पहिलो बैठकमा स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन नतिजामाथि छलफल गर्ने सम्बन्धी प्रस्ताव कार्यपालिका सदस्य एवम सुशासन तथा संस्थागत विकास समितिका संयोजक श्री वावीराम मुक्तानले पेश गर्ने ।

देव चन्द्र गर्तौला
प्रमुख प्रशासकीय अधिकृत

राक्सिराङ्ग गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चैनपुर, मकवानपुर बागमती प्रदेश, नेपाल

निर्णय नं. ७:

स्वच्छ, सुरक्षित र गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवामा पहुँच प्राप्त गर्ने नागरिकको मौलिक अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गरी खानेपानी तथा सरसफाइ उपभोक्ता संस्था लगायतका संगठित संस्थाहरुका माध्यमबाट सहज र दिगो रुपमा स्वच्छ तथा गुणस्तरीय खानेपानी, सरसफाइ र स्वच्छतासम्बन्धी सेवा उपलब्ध गराउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले यस गाउँपालिकाको विधायन समिति र विधेयक समितिमा छलफल गरि पारित भई कार्यपालिकासमक्ष पेश भएको गाउँपालिकाको खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ छलफलका लागि मिति २०८१/०९/२४ गतेको राक्सिराङ्ग गाउँसभाको सत्रौं (हिउँदे) अधिवेशनको पहिलो बैठकमा कार्यपालिका सदस्य एवम विधेयक समितिको संयोजक श्री उत्तम वाईबाले सभासमक्ष पेश गर्नुहुने ।

निर्णय नं. ८:

गाउँपालिकाको आगामी आर्थिक बर्ष २०८२/०८३ को बार्षिक नीति तथा कार्यक्रम, योजना र बजेट तर्जुमा सम्बन्धमा कार्यतालिका स्वीकृत गरी आवश्यक कार्य गर्न गाउँ कार्यपालिका कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. ९:

राक्सिराङ्ग गाउँपालिकाका अध्यक्ष/उपाध्यक्ष तथा कार्यपालिका सदस्यज्यूहरुबाट विभिन्न मितिमा विभिन्न स्थानहरुमा कार्यालय सम्बन्धी कामको लागि भएका भ्रमणहरु अनुमोदन गर्ने ।

निर्णय नं. १०:

क. जिल्ला मकवानपुर राक्सिराङ्ग गाउँपालिका वडा नं ३ साविक सरिखेत गा.वि.स वडा नं १ बस्ने श्री वैषलाल सिन्तानको नाती श्री भैरुङ सिन्तानको छोरा श्री हर्क बहादुर सिन्तान (नाप्रप नं. ३१।१८१।२६७२, मकवानपुर) को नाममा दर्ता श्रेष्ता कायम रहेको कित्ता नं १५३० को जग्गा क्षेत्रफल ५-९-३-० (ज.रो) मध्ये पश्चिम तर्फबाट २-५-१-०.४ (ज.रो) तथा जिल्ला मकवानपुर राक्सिराङ्ग गाउँपालिका वडा नं ३ साविक सरिखेत गा.वि.स वडा नं १ बस्ने श्री प्रताप सिंहको नातिनी श्री दिल बहादुर गुरुङ्गको छोरी श्री तोक्सानी गुरुङ्ग(नाप्रप नं. १००१, मकवानपुर) को नाममा दर्ता श्रेष्ता कायम रहेको कित्ता नं १२३ को जग्गा क्षेत्रफल ९-५-१-३ (ज.रो) मध्ये पूर्व तर्फबाट ०-४-१-०(ज.रो) जग्गा निजहरुले श्री प्राथमिक विद्यालय लावतीको नाममा निशुल्क उपलब्ध गराउन मन्जुर भएको व्यहोराको विद्यालयको सिफारिस सहित वडा नं ३ को कार्यालयबाट सिफारिस प्राप्त हुन आएको हुँदा सो जग्गा प्राप्तिका लागि अनुमती दिने तथा जग्गाको नामसारी रजिष्ट्रेशन लगायतका कार्यको लागि विद्यालयको प्र.अ. अमिता मुक्तान लाई जिम्मेवारी दिने ।

ख. जिल्ला मकवानपुर राक्सिराङ्ग गाउँपालिका वडा नं ५ साविक राक्सिराङ्ग गा.वि.स वडा नं ८ बस्ने श्री रनजित मुक्तानको नाती श्री बाधा सिं मुक्तानको छोरा श्री धन बहादुर मुक्तान (नाप्रप नं. ४४७, मकवानपुर) को नाममा दर्ता श्रेष्ता कायम रहेको कित्ता नं १०७३ को जग्गा क्षेत्रफल २-६-०-० (ज.रो) मध्ये दक्षिण पूर्व तर्फबाट ०-१५-३-३.५९ (ज.रो) तथा जिल्ला मकवानपुर राक्सिराङ्ग गाउँपालिका वडा नं ५ साविक राक्सिराङ्ग गा.वि.स वडा नं ८ बस्ने श्री धन बहादुर मुक्तान को श्रीमती श्री साहिली माया मुक्तान (नाप्रप नं. ३१३०१७।११२, मकवानपुर) को नाममा दर्ता श्रेष्ता कायम रहेको कित्ता नं. १०७५ को जग्गा क्षेत्रफल ४-४-२-२ (ज.रो) मध्ये उत्तर पूर्व तर्फबाट ०-१५-३-३.५९ (ज.रो) जग्गा निजहरुले श्री प्रहरी चौकी, चैनपुर, राक्सिराङ्ग को नाममा निशुल्क उपलब्ध गराउन मन्जुर भएको व्यहोरा वडा नं ५ को कार्यालयबाट सिफारिस सहित प्रहरी चौकीबाट प्राप्त हुन आएको हुँदा सो जग्गा प्राप्तिका लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाउने ।

राक्सिराङ्ग गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

देव चन्द्र गतौंला
... अधिकृत

निर्णय नं. ११:

यस राक्सिराङ्ग गाउँपालिका कृषि विकास शाखामा कार्यरत प्राविधिक सहायकः (सहायकस्तर पाचौं) कृष्ण डुम्रेलाई अमेरिका स्थित University of Nebraska Lincoln बाट 13 December 2024 मा अनुसन्धान अध्यानका लागि 1st April 2025 देखि 1st November 2025 सम्मका लागि प्राप्त भएको प्रस्ताव पत्र यस राक्सिराङ्ग गाउँपालिकाको भूउपयोग निति लागु गर्ने सन्दर्भमा पनि उपयुक्त देखिएको हुँदा निजलाई स्थानीय सेवा गठन तथा संचालन ऐन २०७९ को दफा ५९ को उपदफा ७ बमोजिम २०८१ चैत्र १९ देखि २०८२ कार्तिक १५ गतेसम्मको लागि निजको अध्ययन बिदा स्वीकृती गर्ने ।

देव चन्द्र गर्तौला
प्रमुख प्रशासकीय अधिकृत